# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी

## कृषि भवन भत्काउने र सामान लिलाम सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७५/०९/१६ गते)**

यस दुहवी नगरपालिका अर्न्तगत वडा नं. ४ मा रहेको पुरानो कृषि भवन जे जस्तो अवस्था रहेको भवनको सिलबन्दी दरभाउ पत्र द्वारा लिलाम गर्नुपर्ने भएकोले ईच्छुक योग्य ब्यक्ति, फर्महरूले तपसिलका शर्तहरूको अधिनमा रहि दुहवी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र गोप्य सिलबन्दी दरभाउपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु**

१. सिलबन्दी दरभाउसाथ रू. १० को टिकट टासी कबोल गरेको कबोल अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशत धरौटी बापत रकम दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको NIC Asia दुहवी शाखामा रहेको धरौटी खाता नं.A8C499378524004 जम्मा गरेको सक्कलै बैक भौचर संलग्न गर्नुपर्ने छ ।
२. सिलबन्दी दरभाउपत्रसाथ दरभाउपत्रदाताले नेपाली नागरिकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नुपर्ने छ । फर्मको हकमा फर्मको आवश्यक कागजातको प्रतिलिपि पेश गर्नुपर्ने छ ।
३. सिलबन्दी दरभाउपत्र फारम दस्तुर रू.१०००।०० (फिर्ता नहुने गरि) बुझाई दरभाउपत्र फारम दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जिन्सी शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।
४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति सूचना जारी भएको १५ दिन कार्यालय समय भित्र र सिलबन्दी दरभाउपत्र दर्ता गर्ने मिति सूचना जारी भएको १६ दिनको १२:०० बजे सम्म दर्ता गरि सक्नुपर्ने छ सोही दिन दिउसो १:०० बजे ब्यक्ति वा फर्मको प्रतिनिधिको रोहबरमा खोलिने छ साथै प्रतिनिधि उपस्थित नभए पनि खोल्न बाधा पर्ने छैन ।
५. बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।
६. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरू मान्य हुनेछैन ।
७. दर्ता भएको सिलबन्दी दरभाउपत्र नियमानुसार खोली स्वीकृति हुने सिलबन्दी दरभाउपत्र दाताले स्वीकृति कबोल रकम सम्झौता संगै एकमुस्ट नगरपालिकाको बुझाउनु पर्ने छ ।
८. पुरानो भवन भत्काउने भवनको सामान ओसार्ने र अन्य लाग्ने सम्पूर्ण करहरू स्वयंम ब्यक्ति वा फर्मले बेहोर्नु पर्ने छ ।
९. अन्य जानकारीको लागि दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा बुझ्न सकिनेछ ।
१०. यो सूचनामा उल्लेख नभएको शर्तहरू सार्वजनिक खरिद ऐन २०६४ को नियमानुसार हुनेछ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम कवोल | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १. | १/०७५/७६ | दुहबी नगरपालिका वडा नं. ४, पुरानो कृषि भवन भत्काई कवाडी सामान लिलाम कार्य । | रू. ७,१०,५००।०० | १,०००।०० |